# महालक्ष्मी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जितपुर, धनकुटा

कोशी प्रदेश, नेपाल


## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०८/१९**

यस नगरपालिकामा आ.ब. २०८१/०८२ मा गरिबी निवारणका लागि लघु उद्यम विकास (मेड्पा) कार्यक्रम संचालनको लागि गरिबी निवारका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम रिक्त उद्यम विकास सहजकर्ता पदमा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन २०८१/०९/०३ गते कार्यालय समय भित्र दरखास्त पेश गर्नु हुन सरोकारवाला सबैका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । म्याद नाघी आएका वा रीत नपुगी पेश भएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | दरखास्त शुल्क |
|---|---|---|---|---|---|
| २. | ०६-२०८१/०८२ | उद्यम विकास सहजकर्ता | चौथो | १ | रु ४००/- |

१. दरखास्त फारामका साथ पेश गर्नु पर्ने अन्य कागजातहरु :
- शैक्षिक योग्यताको प्रतिलिपी
- नेपाली नागरिकताको प्रतिलिपी
- कार्य अनुभव भए सो को प्रतिलिपी
- तोकिएको दरखास्त दस्तुर तिरेको भौचर

२. शैक्षिक योग्यता :प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ उत्तिर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सम्बन्धी प्रवेशिका परिक्षा (TSLC/TSEE) उत्तिर्ण वा सो सरह उत्तिर्ण भएको ।

३. उमेर : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको,

४. राजश्व बुझाउने स्थानः नगरपालिकाको कार्यालय वा **आन्तरिक राजश्व खाता नं. २३५०१००३०१०१०००३, कार्यालयको कोड ८०१०१०६०३, राष्ट्रिय बाणिज्य बैंक, जितपुर शाखा**

५. दरखास्त बुझाउने स्थान : महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जितपुर धनकुटा ।

६. कार्य विवरण, सेवा सर्त तथा तलव सुविधा : लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम

७. काम गर्नु पर्ने स्थान : महालक्ष्मी नगरपालिका, धनकुटा

८. छनौटको किसिम : नियमानुसार

९. दरखास्त फाराम बुझाउने स्थान : महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनकुटा

१०. परीक्षा सम्बन्धी जानकारी कार्यालयको वेव साइटमा पछि प्रकाशन गरिनेछ

११. आवेदन स्वीकृत/अस्वीकृत वा विज्ञापन रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

नोटःदरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ ।

............ २०८१/०८/१९

प्रमुख प्रशासकीय अधिकृत